"जोशीपुर समृद्धिको आधारः-कृषि उत्पादन, शिक्षा, स्वास्थ्य, संस्कृति पर्यटन र पूर्वाधार "

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

# जोशीपुर गाउँपालिका

# गाउँसभाको

# १५ औं अधिवेशन

## गाउँपालिका अध्यक्ष श्री चित्र बहादुरचौधरीज्यूद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०८३/०८४ को

# नीति तथा कार्यक्रम

जोशीपुर गाउँपालिका

जोशीपुर,कैलाली

५ आषाढ, २०८३

चित्र बहादुर चौधरी
गा.पा. अध्यक्ष

"जोशीपुर समृद्धिको आधारः-कृषि उत्पादन, शिक्षा, स्वास्थ्य, संस्कृति पर्यटन र पूर्वाधार "

**गाउँसभा सदस्यज्यूहरु,**

**राष्ट्रसेवक कर्मचारी, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु एवंम आम जोशीपुर**

**गाउँपालिकाबासीहरु,**

जोशीपुर गाउँपालिकाको १५ औं अधिवेशन बैठकमा हार्दिक स्वागत गर्दै १५औं अधिवेशनको पहिलो बैठक प्रारम्भ भएको छ।
संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनामाआफ्नो अमुल्य जीवनको बलिदानी गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु।

"जोशीपुर समृद्धिको आधारः-कृषि उत्पादन, शिक्षा, स्वास्थ्य, संस्कृति पर्यटन र पूर्वाधार "भन्ने मुल ध्यायका साथ समुन्नत गाउँपालिकाको विकास गर्ने अभिभारा लिइएको छ।
जनताको सबैभन्दा नजिकको सरकारको हैसियतले जन चहना एवं उपलब्ध स्रोत र साधनको अधिकतम प्रयोग हुने गरि निति तथा कार्यक्रम ल्याउन जोशीपुर गाउँपालिका जिम्मेवार र प्रतिवद्ध रहेकोछ।

गाउँसभा सदस्यज्यूहरु,

अब म आ.ब. २०८३।०८४ को विषयगत क्षेत्र अन्तर्गतनीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु।

<u>पुर्वाधार विकास</u>

१. जोशीपुर गाउँपालिकाको बाढीको जोखिम काढाँ नदि तटिय क्षेत्रहरुमा तट्बन्ध निर्माण आयोजना सञ्चालनमा गरिनेछ।
२. विश्व बैंक, संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा खानेपानी क्षेत्रगत सुशासन तथा पुर्वधार सहयोग आयोजना अन्तर्गत सार्वजनिक शौचालय Smart Toilet निर्माण कार्य सम्पन्न भएको छ। जोशीपुर खानेपानी आयोजना, घैलाबौनियाँ, पटाउपुर खानेपानी आयोजना निर्माण सम्पन्न गरि स्वच्छ खानेपानी धारा जडान गरिनेछ। साथैलोखरी-सिमरी खानेपानी आयोजना, लक्कडमण्डी-नबदुर्गा खानेपानी आयोजना र रामनगर-सिमराना खानेपानी आयोजना समेत निर्माण एवं पाइप लाइन विस्तार गरिने कार्यक्रम निरन्तरताका साथ अघि वढाइनेछ।

चित्र बहादुर चौधरी
गा.पा. अध्यक्ष

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

चित्र बहादुर चौधरी
गा.पा.अध्यक्ष



३. जोशीपुर गाउँपालिका वडा नं.१ बडहरिया स्थित निर्माणधिन रहेको कोल्ड स्टोर निर्माण आयोजना निर्माण कार्य सम्पन्न गरिनेछ।

४. जोशीपुर गाउँपालिका वडा नं.२ र ५ जोड्नेनिर्माणधिन घैलानाला पुल निर्माण गर्ने आयोजना निरन्तरता दिई निर्माण कार्य सम्पन्न गरिनेछ।

५. संघ, प्रदेश र स्थानीय तहको लागतमा जोशीपुर गाउँपालिका अन्तर्गत रहेका विभिन्न ग्रामिण सडकहरुको ग्राभेल, कालोपत्रे तथा स्तरउन्नती गरिनेछ।

६. सामुदायिक विद्यालयको अधुरो भवन निर्माण, विद्यालय भवन रंग रोगन, मन्दिर व्यवस्थापन गर्ने कार्य गरिनेछ।

७. जोशीपुर गाउँपालिका अन्तर्गत वडा नं.१ पिपरकोटी, वडा नं.३ बन्जरिया, वडा नं. ४ र वडा नं. ६ मा बर्थिङ सेन्टर शैया र उपकरण सहित निर्माण कार्य अघि बढाइनेछ।

८. जोशीपुर गाउँपालिका भित्र कभड हल निर्माण गर्नका लागि संघ र प्रदेश सरकारसँग बजेटका लागि अपिल गरिनेछ ।

## आर्थिक विकास

९. कृषकहरुले सधैं भोगीरहेको बाली सम्वन्धी समस्या सामाधान गर्न आकस्मिक बाली संरक्षण तथा बाली उपचार शिविर कार्यक्रमसञ्चालन गरिनेछ।

१०. जोशीपुर गाउँपालिकाको प्रमुख आधारको रुपमा रहेको कृषि उत्पादनका लागि धान खेती प्रवर्द्धन कार्यक्रम, गहुँ खेती प्रवर्द्धन कार्यक्रम तथा मकै खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

११.कृषिमाउत्पादन तथा उत्पादकत्व बढाउन बेमौसमी तरकारी उत्पादन कार्यक्रम, स्थलगत घुम्ति तालिम, माटो जाँच शिविर, बाली कटानी गर्ने कार्यक्रम, प्रवर्द्धन कार्यक्रम, कृषक पाठशाला कार्यक्रमम जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

१२.जोशीपुर गाउँपालिका अन्तर्गत ओर्गानिक खाद्य बस्तु उत्पादन गर्न हरियो मल प्रबर्द्धन कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१३.किसान सुचीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

चित्र बहादुर चौधरी
गा.पा.अध्यक्ष

१४.उत्पादन, आय आर्जन वृद्धि गर्न व्यवसायिकरण जस्ता विषयमा कृषक क्षमता अभिवृद्धिका लागि कृषि अवलोकन भ्रमण,कृषक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

१५.पशु तथा पशु जन्य उत्पादनमा वृद्धि गर्न कृत्रिम गर्भाधान कार्यक्रम, पशु स्वास्थ्य शिविर संचालनर संचालननमुना सकलन व्यवस्थापन तथा प्रेषण कार्यक्रम ल्याइनेछ।

१६.जोशीपुर गाउँपालिका अन्तर्गतका किसानहरुको किसान कार्ड उपलब्ध गराइनेछ ।

१७.जोशीपुर गाउँपालिका अन्तर्गतका Bsc Ag र Msc Ag पढ्ने विद्यार्थीहरुलाई छात्रवृत्ति कोटा छुट्याइनेछ ।सो कार्यान्वयन गर्न कार्यविधि बनाई अगाडि बढाइनेछ ।

१८.कृषि हाट बजार संचालनमा ल्याइनेछ ।

गाउँसभा सदस्यज्यूहरु,

*सामाजिक विकास*

*स्वास्थ्य*

१९. डेंगी तथा अन्य किटजन्य रोगहरुको रोक थाम तथा नियन्त्रण, हात्ती पाइलेका विरामीहरुको कार्यक्रम सञ्चालन गरिनेछ।

२०. सामुदाय स्तरमा नसर्ने रोग सम्वन्धी स्क्रीनिङ तथा जनचेतना कार्यक्रम आगामी आ.व.को फागुन महिनामा अभियानका रुपमा सञ्चालन गरिनेछ।

२१. जोशीपुर गाउँपालिकालाई क्षयरोग मुक्त पालिका बनाउन क्षयरोग मुक्त अभियान सम्वन्धी विभिन्न कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

२२.मातृ तथा आमा सुरक्षा कार्यक्रम अन्तर्गत गर्भवती महिलाहरुको निशुल्क रक्त परीक्षण, सुत्केरी गराउन गर्भवतीमहिलाहरुलाई गाउँपालिका भित्र निःशुल्क एम्वुलेन्स सेवा र निःशुल्क भिडियो x-ray कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२३.जोशीपुर गाउँपालिका भित्र सञ्चालित स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२४.जोशीपुर गाउँपालिका वडा नं.२ स्थित जोशीपुर प्राथमिक स्वास्थ्य केन्द्रमा रहेको एम्बुलेन्स सेवाको निरन्तरताका साथै शव वाहनको व्यवस्थापन गरिनेछ ।

२५.जोशीपुर गाउँपालिका अन्तर्गत रहेको खोप केन्द्रमा सुधार गरिनेछ ।

२६.जोशीपुर गाउँपालिका वडा नं.२ स्थित जोशीपुर प्राथमिक स्वास्थ्य केन्द्रमाशवचिस्यानको व्यवस्थापन गरिनेछ ।

२७. जोशीपुर गाउँपालिका अन्तर्गत सम्पूर्ण बालबालिकाहरुलाई पाउनु पर्ने खोप दिई पूर्ण खोप सुनिश्चिता गरिनेछ ।

<u>शिक्षा</u>

२८.सामुदायिक विद्यालयको गुणस्तर सुधार एवंम शिक्षक कर्मचारीहरुको पेशागत दक्षतामा अभिवृद्धि गर्न पालिकास्तरमा विज्ञ समुह गठन गरि नविनतम प्रविधिका माध्यमबाट सम्बन्धि कक्षा अवलोकन नमुना पाठ प्रदर्शन र मेन्टरिङ जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

२९.विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरणका लागि विद्यालय भौतिक पूर्वाधार, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, छात्राहरुका लागि निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन तथास्थानीय उत्पादनमा आधारित पोषण युक्त दिवा खाजा कार्यक्रम निरन्तरता दिई सञ्चालन गरिनेछ।

३०.सामुदायिक विद्यालयमाविषयगत शिक्षक दरबन्दी र विद्यार्थी संख्याको अनुपातको आधारमा दरवन्दी मिलान गरिनेछ।

३१.विद्यार्थीहरुको शारीरिक विकास गर्न राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता कार्यक्रममा सहभागी गराइनेछ।

३२.सामुदायिक विद्यालयमा कार्यरत बालविकास सहजकर्ता, विद्यालय कर्मचारीर कार्यालय सहयोगीको सेवा सुविधा नेपाल सरकारले आ.ब. ०८३।८४ मा प्रदान गर्ने रकममा अपुग हुने रकम स्थानीय तहको आन्तरिक स्रोतबाट व्यहोरिने गरि निरन्तरता दिईनेछ ।

३३.विगत आ.व. मा सामुदायिक विद्यालयमा निजी स्रोत शिक्षक व्यवस्थापनका लागि छुट्याइने रकममा माध्यमिक र निम्न माध्यमिक तहमा विषयगत आवश्यकताका आधारमा दोहोरो नपर्ने गरि र प्राथमिक तहमा शिक्षक विद्यार्थी अनुपातका आधारमा जोशीपुर गाउँपालिकाको शिक्षा नियमावली तथा कार्यविधि बमोजिम व्यवस्थापन गरिनेछ ।

३४.असल नागरीक उत्पादन गर्ने उद्देश्यले गाउँपालिका जनप्रतिनिधि, वडा समिति लगायत अन्य संघ संस्थाको सहकार्यमा प्रत्येक सामुदायिक विद्यालयमा सकारात्मक सोच अभियान सञ्चालन गरिनेछ।

३५.विद्यालय नक्साङ्कन गरि समायोजन गरिनेछ।

३६.जोशीपुर गाउँपालिका वडा नं. ६ सिमरी स्थित रहेको केदार सामुदायिक सिकाइ केन्द्रबाट विभिन्न सिकाइ मुलक कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

३७.जोशीपुर गाउँपालिका अन्तर्गत रहेका एउटा विद्यालयमा करेशाबारी कार्यक्रम संचालन गरिनेछ ।

## महिला बालबालिका तथा जेष्ठ नागरिक

३८.महिलाहरुको नेतृत्व विकास, सीप विकास तथा सशक्तिकरणका कार्यक्रममा विशेष जोड दिइनेछ।

३९.लैङ्गिक सामनता अपाङ्गता तथा सामाजिक समावेशीकरण GESI परीक्षणलाई निरन्तरता दिइनेछ ।

४०.लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रमका लागि साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४१.लैङ्गिक समानता र सामाजिक सशक्तिकरणका कार्यक्रमहरुमा दलित, जनजाति अल्पसंख्यक र अन्य सीमान्तकृत सामुदायको अर्थपुर्ण सहभागिता सुनिश्चित गरिनेछ।

४२.बाल अधिकार प्रवर्द्धन, बाल संरक्षण र जनचेतना अभिवृद्धिका लागि गैर सरकारी संस्था, विद्यालय र सामुदायसंग समन्वय गरी कार्यशाला रचनात्मक प्रतियोगिता र बाल क्लब गठन तथा प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

४३.आपङ्गता भएका व्यक्तिहरुलाई सीप विकास तालिम र रोजगारीका अवसरमा प्राथमिकता दिइनेछ।

४४.गाउँपालिका स्तरिय दलित लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

४५.बाल सञ्जाल गठन र परिचालनका कार्यहरु गरिनेछ ।

४६.बाल संरक्षण निति तथा मापदण्डको निर्माण गरिनेछ ।

## सरसफाइ तथा खानेपानी

४७.जोशीपुर बजार र अन्य स्थानीय बजार क्षेत्रमा सरसफाई गर्ने कार्य व्यवस्थित रुपमा अघि बढाईनेछ ।

४८.जैविकअजैविक फोहोरको पुनः प्रयोग सम्बन्धी विभिन्न खोज तथा अन्य ठाउँको असल अभ्यासलाई कार्यान्वयनमा ल्याइनेछ।

४९.जोशीपुर गाउँपालिका अन्तर्गत बजार क्षेत्र र सामुदायिक विद्यालयहरुमा सरसफाई सम्बन्धी सचेतना मुलक कार्यक्रम अघि बढाईनेछ ।

## पञ्जिकरण तथा सामाजिक सुरक्षा

५०.यस जोशीपुर गाउँपालिका भित्र हुने व्यक्तिगत घटना दर्ता घटना घटेको ३५ दिन भित्र अनिवार्य शतप्रतिशत घटना दार्ता गराउन जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ।

५१.गाउँ टोलमा भत्ता वितरण केन्द्र स्थापना गरी भत्ता वितरणको कार्यलाई निरन्तरता दिदै अशक्त सामाजिक सुरक्षा लाभग्राहीको पहिचान गरि घरदैलौमै पुगी भत्ता वितरण गरिनेछ।

<u>रोजगार सेवा केन्द्र</u>

६०.बेरोजगार व्यक्तिहरुलाई उत्पादन र उद्यमशिलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास र उद्यमशिलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

६१.वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुका लागि पुनःएकीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

६२.डिजिटल श्रम तथा रोजगार सेवा सम्बन्धी सरोकारवालालाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

६३.श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप सञ्चालन गरिनेछ ।

६४.आन्तरिक रोजगारी प्रवर्द्धन, दक्ष तथा सिपयुक्त जनशक्ती उत्पादन लगायतका पक्षहरुको समुचित विकास गर्न गाउँपालिकाको **पाँच वर्षे रोजगार रणनितिको** कार्यान्वयनका लागी उचित प्रबन्ध मिलाईनेछ ।

६५.सार्वजनिक, निजी र सहकारी क्षेत्रसँग समन्वय र सहकार्य गरी रोजगारीका अवसरहरु सिर्जना गरिनेछ।

६६.यसगाउँपालिकालेसञ्चालनगर्नेयोजना तथा कार्यक्रमहरुमा सहभागी गर्दा रोजगार, सीप तथा उद्यमशिलता केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तीहरुलाई पहिलो प्राथमिकता दिई सार्वजनिक पुर्वाधारको विकास निर्माण संगै सामाजिक संरक्षणको प्रत्याभुती गराईनेछ ।

६७.बैदेशिकरोजगारअन्तर्गत श्रम स्वीकृती तथा पुनः श्रम स्वीकृती र बैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवामा निरन्तर सहजिकरण गरिनेछ ।

६८.बैदेशिक रोजगारमा जाने युवाहरु तथा बैदेशिक रोजगारकर्ताका परिवार लक्षित मनोपरामर्श सेवा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६९.बैदेशिक रोजगारमा जान चाहने युवाहरुलाई लक्षित गरी बैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित तथा मर्यादित बनाउन समुदायस्तरमा अभिमुखिकरण कार्यक्रम निरन्तरसञ्चालन गरिनेछ ।

गाउँसभा सदस्यज्यूहरु,

चित्र बहादुर चौधरी
गा.पा.अध्यक्ष

*बन वातावरण तथा विपद व्यवस्थापन*

७०.विपद् जोखिम न्युनीकरण  तथा व्यवस्थापनका लागि निति तथा रणनिति कार्ययोजना तयार गरिनेछ ।

७१.गाउँपालिका क्षेत्रका प्रमुख प्रकोपहरुको लागि परिदृष्यमा आधारित कृत्रिम घटना अभ्यास नियमित रुपमा संचालन गरिनेछ ।

७२.स्थानीयस्तरका संघ संस्था तथा वित्तीय संस्थाहरु संग समन्वय र सहकार्य गरेर उद्धार तथा बन्दोबस्तीका सामाग्रीहरु खरिद गरिनेछ ।

७३.सामुदायिक स्तरमा विपद् व्यवस्थापन समिति गठन गरी विपद् व्यवस्थापन, जोखिम तथा न्युनीकरण सम्बन्धी तालिम दिइनेछ ।

७४.विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाइनेछ ।

गाउँसभा सदस्यज्यूहरु,

*संस्थागत विकास, सेवा प्रवाह र सुशासन*

७५.राजश्वका श्रोत, दायरा र दर अनुसार राजश्व प्राप्त गर्न प्रभावकारी व्यवस्था गरिनेछ। राजश्व र कर लक्ष्य अनुसार वा सोभन्दा बढी राजश्व संकलन गर्ने वडाकार्यालयलाई बजेट विनियोजनमा सूचककोआधार लिई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ।

७६.गाउँपालिकाका पदाधिकारी र कर्मचारीको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम सञ्चालन गरि सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाइनेछ।

७७.स्वतः प्रकाशन, मासिक, चौमासिक तथा वार्षिक खर्च तथा प्रगतिको सार्वजनिकीकरण,सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, गुनासो व्यवस्थापन जस्ता पारदर्शिता अभिबृद्धि गर्ने कार्यहरु सञ्चालन गरिनेछ।

कानुन तथा न्यायिक समिति

७८.न्यायिक समिति सदस्यहरु तथा मेलमिलापकर्ताहरुलाई क्षमता विकास तालिम गराइनेछ ।

७९.घरेलु हिंसा, लैंगिक हिंसा तथा कानुनी साक्षरता अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

८०.विवाद मिलापत्र गराएबापत मेलमिलाप कर्ताहरुलाई परिश्रमिक उपलब्ध गराइनेछ र सोको कार्यविधि बनाई अगाडि बढाइनेछ ।

८१.न्यायिक समितिबाट सम्पादन भएका विवादका पक्षहरुको सन्तुष्टि मापन गरि सरोकारवालाहरुसंगको परामर्शबाट न्यायिक समितिलाई थप प्रभावकारी बनाइनेछ।

## भुमि ईकाइ

८२.भुमि सम्बन्धि समस्या सामाधान आयोगसँग भएको सम्झौता बमोजिम जोशीपुर गाउँपालिकाको भुमि इकाईबाट जग्गा नाप जाँचको कार्य अघि बढाइनेछ। चालु आ.ब.मा जग्गा नापजाँच गरी लालपुर्जा वितरणका कार्यहरु प्राथमिकताका साथ अगाडी बढाइनेछ।

अन्त्यमा, स्थानीय तहको सरकारको हैसियतले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने मौका प्रदान गर्नुभएकोमा गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,आम गाउँपालिकाबासी, नेपाल सरकार, प्रदेश सरकार, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक तथा बुद्धिजीवी, नागरिक समाज, संचार जगत तथा सम्पूर्ण सरोकारवाला पक्षहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

२०८२/०३/०५

चित्र बहादुर चौधरी

अध्यक्ष

**चित्र बहादुर चौधरी**

**गा.पा.अध्यक्ष**